# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (छब्बिसौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति २०७८/०५/२९ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आठौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिन ३ बजेर ४३ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, अब म माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दुकुमार थापालाई मिति २०७८ साल भाद्र २९ गते सभामा प्रस्तुत भएको गण्डकी प्रदेश सभामा आम सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय बिन्दु कुमार थापा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७८ साल भाद्र २९ गते प्रस्तुत भएको गण्डकी प्रदेश सभा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ उपनियम १ बमोजिम विधेयक माथि विचार गरियोस् भनी प्रस्तुत प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म गण्डकी प्रदेशमा आम सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।
यस प्रस्तावको पक्षमा हुनु हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस्। यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन। तसर्थ, गण्डकी प्रदेशमा आम सञ्चार सम्बन्धमा व्यवस्था बनेको विधेयक माथि प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु।
माननीय सदस्यहरु, अब गण्डकी प्रदेशमा आम सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ । यस छलफलमा विधेयको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु । छलफलमा भाग लिने माननीय सदस्यहरुको लागि ७ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र आफ्नो भनाइ राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य ललितकला गुरुङ।

**माननीय धनञ्जय दवाडी**

सभामुख महोदय, झण्डै २ महिना पछि गण्डकी प्रदेश सभामा विधेयक माथिको सैद्धान्तिक छलफल गर्नको निम्ति उपस्थित भएको छु। हाम्रो लोकतन्त्र, हाम्रो संघीयता हामी अभ्यास गर्ने क्रममै छौं । अभ्यासमा, अनुभवमा, व्यवहारमा हामीले संविधानले प्रदत्त गरेका अधिकार र त्यसको प्रयोग गरिरहँदा स्वभाविक हिसावले बहुमत सत्तापक्षमा र अल्पमत प्रतिपक्षमा बस्ने हाम्रो संवैधानिक व्यवस्थै हो र सत्ता पक्षसँग आग्रह छ फेरि पनि लाज पनि लजाउने गरेर कार्य नगर्नु हुन हार्दिक आग्रह गर्दछु । २ महिना पछि सरकारलाई संसदको अनुभूति चाहियो भनेर अनुभूति भएछ यसको निमित्त धन्यवाद छ। संसदलाई जीवन्त राख्नुपर्छ भनेर धेरै कुराहरु पनि गर्नुभयो र संसदलाई २ महिना सम्म कोमामा पनि राख्नुभयो ।
यस्तो खालको कार्य जो जसले जहाँ जहाँबाट गर्नु भयो । आगामी दिनमा नदोहोरियोस् र गण्डकी प्रदेशको गरिमा बचोस् भनेर आग्रह पनि गर्न पनि चाहन्छु। लोकतन्त्रमा छलफलहरु हुन्छन् र विधिको पद्धतिमा जानु पर्दछ। प्रतिपक्षलाई इग्नोर

गरेर सत्ता चलेको, चलाइएको दुनियाँमा कहीँ पनि इतिहास छैन र कहिलेकाहीँ यस्ता भावनाहरु प्रकट हुँदा रहेछन् र दुनियाँको अघिल्तिर लज्जित भइनु पर्ने अवस्था पनि आउँदो रहेछ । २०७७ चैत्र १७ मा मन्त्री परिषद्ले निर्णय गरेर गण्डकी प्रदेश सभामा पठाएको विधेयक गण्डकी प्रदेश सभामा आम सञ्चारसँग व्यवस्था गर्न बनेको विधेयक आज नै टेवल भएर हामी यहाँ छलफलका क्रममा छौं । कुनै पनि सरकारको कुनै पनि व्यवस्थामा उसले राख्ने नीति के हो ? भन्ने कुरामा उ स्पष्ट हुनुपर्छ । हामी संघीयतामा भइरहेका कारणले संघीय नीतिका आधारमा मात्रै हाम्रा संघहरुलाई हामी हाम्रा प्रदेशहरुलाई हामीले परिचालित गर्न सक्छौं भन्ने हुन्न ।

हाम्रा आफ्ना विशेषताहरु छन् त्यो विशेषताहरुलाई प्रतिनिधित्व गर्ने गरेर त्यो विशेषताहरुमा आफ्नो ध्यान राख्ने गरेर र आगामी कयौं दशकसम्म पनि मान्छेहरुले अनुभूत गर्ने गरेर हाम्रा नीतिहरु तयार गरिर्नुपर्दछ । मलाई लाग्छ आम सञ्चार विधेयक पनि त्यही ढंगले बनाउनु भएको हुनुपर्छ भन्ने ठान्दछु। हाम्रो संविधानले हामीलाई एकल अधिकार दिएको छ, साझा अधिकारको सूचीमा राखेको छ, संघसँग प्रदेशले बाँड्नु पर्ने, स्थानीय तहसँग प्रदेशले बाँड्नु पर्ने साझा अधिकारका सूची पनि छन् प्रदेशको आफ्नै प्रकारका सूची पनि छ, विज्ञान र प्रविधिले ल्याएका चुनौती पनि हाम्रा बिचमा छन्। विज्ञान र प्रविधिका चुनौतीका बिचमा हामीले आम सञ्चार नीतिलाई तय गर्नु पर्नेछ ।

दिमागमा २ पन्ने खबरका कागजलाई मात्र आम सञ्चार ठान्ने र व्यवहारमा त्यो भन्दा धेरै ठूला चुनौतीका विचमा जानु पर्यो भने हाम्रा विधेयकले, हाम्रा ऐनले, हाम्रा कानूनले आएका वर्तमान चुनौतीलाई सहज ढंगले सामना गर्न सक्ने गरी हामीले निर्माण गर्नु पर्ने हुन्छ, होइन भने हामी गाढा अगाडि गोरु पछाडिको अवस्थामा हुनेछौं यसकारणले यो विधेयकमा कतिपय सन्दर्भहरु, कतिपय दफाहरुमा हेराफेरी गर्नु पर्ने आवश्यकता देखेको छु । यो विधायन समितिमा दफावार छलफलका क्रममा आउँलान्। त्यतिबेला छलफल गरौंला र त्यसलाई परिमार्जन गरेर परिष्कृत ढंगले प्रस्तुत गर्न सकियो भने संभवत गण्डकी प्रदेश सभाको गरिमा पनि रहने छ ।

नेपालको संविधानको अनुसूची ६ मा जुन व्यवस्था गरिएको छ उल्लेखित अधिकारहरुका सन्दर्भमा रेडियको बारेमा, एफएमका बारेमा, टेलिभिजन संचालनका बारेमा, संघ र प्रदेशका साझा अधिकारका सूची पनि छन्, छापा पत्रकारिता पनि छ, अनलाइन पत्रकारिता पनि छ, र आजभोलि अनलाइनका नाममा यूट्युवका माध्यमबाट धेरै चिजहरु बजारमा आउँछन् र आम रुपमा जनताको चेतनाको स्तर विज्ञान र प्रविधिले ल्याएको उन्नत खालको चेतनाको स्तरसँग सामना गर्न सक्दैन त्यो सामना गर्न नसक्दा त्यसलाई म्याच गर्ने गरेर त्यहाँ उठिरहेका विषयहरुलाई कारवाहीको दायरामा समेट्ने गरेर हामीले त्यो चिजलाई व्यवस्थापन गर्न जरुरी छ भन्ने कुरा हामीले हेक्का राख्नुपर्छ ।

परिच्छेद ३ मा सञ्चारको समन्वय समितिको व्यवस्था गरिएको छ, जसमा मन्त्रीज्यू नै त्यसको संयोजक हुनुहुन्छ । मन्त्रीज्यूको संयोजकत्वमा बन्ने सञ्चार समन्वय समितिको जुन अवधारणा हामीले ऐनमा राखेका छौं तर तल गएर त्यो एक आपसमा अलि विभाजित देख्छु मैले। परिच्छेद–२ मा सञ्चार समन्वय समितिको व्यवस्था छ र ३ मा गएर प्रेस रजिष्ट्रार्डको व्यवस्था छ। प्रेस रजिष्ट्रारको व्यवस्था छ, प्रेस रजिष्ट्रार छान्नको लागि हामी सचिवको संयोजकत्वमा छनौटको समिति बनाउँछौं, यति धेरै निरिह बनायौं, यति धेरै कमजोर बनायौं प्रेस रजिष्टारलाई कि यो स्वतन्त्र स्वायत्त ढंगले कामै गर्न सक्दैन । सचिवको आदेशको तामेली गर्ने हो भने, सरकारको निर्देशनको तामेली गर्ने हो भने हामीले आम सञ्चार ऐन बनाउन स्वायत्त हुन्छौ सञ्चार माध्यमहरु भन्ने आधार प्रकट हुन सक्दैन किनभने हामीले बारम्वार भनेको सञ्चार क्षेत्र तेश्रो अंग हो।

सरकारको भनेर भनिसकेपछि त्यसलाई नियमन गर्न, अनुगमन गर्न त्यसलाई प्रभावकारी बनाउनको लागि अलि स्वतन्त्र क्षमताको हिसावले राख्नुपर्थ्यो । हाम्रो दृष्टिकोण कहाँ पुग्यो भन्दाखेरि तलव भत्तामा पैसा खर्च हुन्छ भन्ने पिरलोले हामीले तेस्रो तहको अधिकृत कर्मचारी व्यक्तिलाई लिने व्यवस्था गर्यौं। त्यो पनि के भन्यौं, १० वर्ष पत्रकारितामा काम गरेको मान्छे, स्नातक गरेको आफ्नो मेहेनतमा खाने मान्छे त प्रेस रजिष्टरमा निवेदन दिन आउँदैन होला। सचिवको निर्देशन काम गर्न

आउँदैन होला त्यसकारणले यहाँ निर अलि मिल्दैन त्यसलाई सच्याउन या परिष्कार गर्न प्रस्तुत गर्न जरुरी ठान्छु । ९ औं तहको अधिकृत भएपछि सबै कुराको व्यवस्था गर्न सकिने कुरा होइन । दर्ता चलानी गर्नलाई किन चाहियो रजिष्टार? दर्ता चलानीका लागि हाम्रै कर्मचारी छन्, खरदार सुव्वाहरु छन् कसैलाई दिए भइहाल्यो भन्ने ठान्दछु। अर्कोतर्फ चाहि कतिपय क्षेत्रहरुमा सचिवको संयोजकत्वमा कारवाही गर्न सकिने सचिवले कारवाही गर्ने हो भने प्रेस रजिष्टार सकिन्छ ।

त्यसले प्रेस रजिष्ट्रारलाई नै जिम्मेवार बनाउने गरेर, प्रेस रजिष्ट्रारकै भूमिका बढाउने गरेर, प्रेस रजिष्टारले नै काम गर्ने गरेर व्यवस्थापन गर्नुपर्छ र मन्त्रीको मातहतमा प्रेस रजिष्टार रहने कुरा बेटर हुन्छ होला म्रो विचारमा। सचिवको मातहतमा हुने कुराले यो व्यूरोक्रेटिभले हिसावले सोचौं, पत्रकारिता व्यूरोक्रेटिभले ढङ्ले चल्दैन। यो अलि फरक कुरा हो भन्ने लाग्छ। तमाम सरकार भन्दा अलि पृथक तरिकाले, अलि वृहत ढंगले हामीले आमसञ्चार विधेयकलाई हेरेनौं भने पछिल्ला दिनमा हामी अलि समस्यामा पनि पर्छौं भन्ने लाग्छ। यो ऐनमा चाहि विधेयकमा विज्ञापनका सन्दर्भमा पनि केही चिजहरु व्यवस्था गरिएको छ। त्यहाँ अझै थप्नु पर्ने कुरा के छ भन्दाखेरि अहिले हामीकोमा भरमार किसिमले विज्ञापनहरु आउँछन्, वैदेशिक विज्ञापनहरु आउँछन र तिनीहरुको अनुगमन र व्यवस्थापन गर्नुपर्छ।

तिनकै भाषामा तिनकै शैलीमा हाम्रो समाजमा लैजाने हो भने त्यसले हाम्रो भाषामा, शैलीमा, संस्कृतिमा हाम्रो विधि र पद्धतिमा आक्रमण गर्छ नजानिदो पाराले त्यसैले नेपालको नेपाली भाषा र संस्कृति र हाम्रो सामाजिक प्रचलनको आधारमा हामीले निर्माण गरिएका विज्ञापनहरु हामीले क्रियशन गरिएको विज्ञापनहरु हाम्रो निमित्त हाम्रो पूँजी हुन्छन् त्यसकारण हाम्रा आम जनशक्ति पनि त्यो क्षेत्रमा लाग्ने भएको हुँदाखेरि त्यो कुरामा ख्याल गर्नुपर्छ। त्यो कुरा जोडेरै भन्छु, संघबाट प्रशारण हुने, संघबाट निर्देशित हुने संघबाट आउने कुरालाई जस्ताको तस्तै प्रदेशमा ल्याइरहनु हुँदैन। हाम्रो प्रदेशको विशेषता के हो त्यहाँनिर पहिचान गर्नुपर्छ। भाषाको हिसावले, भूगोलका हिसावले पनि हाम्रा धेरै प्राकृतिक विविधताले पनि अर्को प्रदेश भन्दा फरक

छौं, संघ भन्दा फरक छौं । त्यो आफ्नो विशेषता झल्कने गरेर विधेयकमा आउनु पर्दछ बनाउनु पर्दछ भन्ने जस्तो लाग्छ ।

आम रुपमा विधेयक त्यो ठिकठिकै जान खोजे पनि यसले संघको कपी गरेको छ, त्यसकारण अघि मैले सुरुमै भनें आफ्नो विशेषता झल्किएन किनभने हामीकहाँ गैर सरकारी विधेयक बनाउने अभ्यास हामीले अभ्यास गरेनौं ४ वर्षका बिचमा, अब १ वर्ष छ । गैर सरकारी विधेयक बनाउने अभ्यास गरेको भए शायद माननीयहरुले आ-आफ्ना थप खालको योगदान दिन्थे होलान्। त्यो काम गरेनौं जसरी विधेयकको टिप्पणी हुन्छ, विधेयक आउँछ, विधेयक उठाइन्छ जसरी छलफलमा पास गर्छौं हामी, सरकारले ल्यायो त्यसकारण सत्तापक्षले समर्थन नै गर्न पर्ने, प्रतिपक्षले विरोधै गर्नु पर्ने, मान्यताका बिचमा हामी हुन्छौं तर भोलि सत्ताको विपक्षमा , विपक्षको सत्ता पक्षमा हुँदा पनि हामीले बनाएका विधेयक दशौं वर्ष, विसौं वर्षसम्म पनि प्रभावकारी छन् त्यो विधेयकका कारणले काम भइरहेको छ भने त्यो गर्व गर्ने ठाउँ हो भन्ने तर्फ जानुपर्छ। त्यसरी हामीले निर्णय गर्नुपर्छ भन्ने लाग्छ ।

दण्ड सजाय सचिवले गर्ने व्यवस्था नगर्दा राम्रो हुन्छ होला त्यो पछि कुरा गरौंला अनि कतिपय मुद्दामा सरकार आफै वादी अनि सरकारकै सचिवले के गर्ने न्याय निरुपण पनि गर्ने कुरा एउटै ऐनमा नगरौं त्यसकारणले प्रेस रजिष्ट्रारको भूमिकालाई प्रभावशाली वा प्रभावकारी बनाएर **(माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो।)** प्रेस रजिष्टरलाई स्तरीय गर्न हामीले प्रेस काउन्सिल बनाएका छौं त्यो ढङले काम गर्ने व्यवस्थापन गर्ने गरेर काम गर्न सक्यौं भने विधेयक अरु राम्रो हुनेछ र हामी धेरै परिष्कार गर्न सक्नेछौं भन्ने भनाइ राख्दै आफ्नो भनाइ टुङ्ग्याउँछु धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य ललित कला गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय सदस्य हरि बहादुर चुमान।

**माननीय ललितकला गुरुङ**

माननीय सभामुख महोदय, लामो समय पछि आज पुनः सदन र यो रोष्टममा बोल्ने मौका मिलेको छ । आज हामी आम सञ्चार सम्बन्धी विधेयकको सैद्धान्तिक छलफलको क्रममा छौं । जुनसुकै कुरा काम गर्दा पनि विधि र विधानमा मात्र चल्नुपर्ने, त्यसकारण हाम्रो गण्डकी प्रदेशमा पनि आम सञ्चार सम्बन्धमा यो विधेयक केही समय पहिले नै पनि टेबुल भएको थियो र आज यो सरकारले पनि टेवुल गरेको छ । ताली बजाउन पनि दुईवटा हात चाहिने, हामीले हिजो उताबाट बोल्दा र आज यताबाट बोल्दा हामीलाई  पनि महसुस हुन्छ र प्रतिपक्षमा बस्ने माननीयज्यूहरुलाई पनि पक्कै महसुस हुन्छ होला यो स्वभाविक हो ।

यो विधेयकको  कुरा गर्दै गर्दा गण्डकी प्रदेशमा हामीले धेरै विधेयकहरु बनायौं र बनाउने क्रममा छौं । विधेयक नबनाई, ऐन नबनाई  हामीले काम गर्न सकिदैन र यो हामीले कति कामहरु यो विधेयकको कारणले पनि हामीले गर्न सकिरहेका छैनौं। त्यस्तै हामी यो आम सञ्चार यो विधेयक पनि हो । गण्डकी  प्रदेशमा जुन संविधानले व्यवस्था गरिए अनुसार संविधानको धारा, उपधारा नियममा व्यवस्था गरिए अनुसार नै हामीले विधेयक बनाएर जानु पर्ने हुन्छ, यसको पनि नियम छ । हामीसँग विधायन समिति छ र विधायन समितिमा गएर यो छलफल हुन्छ । विधायन समितिमा पनि त्यहाँ यसका यससँग  सम्बन्ध राख्ने पक्षहरु,  विज्ञहरुसँग त्यहाँ राखेर छलफल गरिन्छ। म पनि त्यही विधायन समितिको एउटा सदस्यको हैसियतले भन्दै गर्दा त्यहाँ पनि बृहत छलफल गर्नु पर्ने हुन्छ र त्यहाँ सत्तापक्ष, प्रतिपक्ष, सबै पक्षका वौद्धिक माननीयज्यूहरु हुनुहुन्छ।

त्यस कारणले वृहत छलफलका साथ यो विधेयक आम सञ्चारको जुन यो विधेयकमा हामीले राख्नुपर्ने, गर्नुपर्ने कुराहरु नछुटाइकन, हुन त यहाँ ह्रस्व र दिर्घले पनि धेरै कुरा विगार्ने कुराहरु गर्दछन् र हामीले उत्कृष्ट विधेयक बनाउँदै गर्दा पनि हाम्रो कार्यान्वयन क्षेत्रमा फेरि त्यस्तो काम नहुने भएका पनि छन्। हाल सम्मका हामीले हेर्दै गर्दा हामीले त्यो पनि पाएका छौं,  अबका दिनमा पक्कै पनि त्यो हुँदैन। हामी संघीयताको अभ्यासकै क्रममा छौं । हामीले बनाउँदै गरेको विधेयक अघि पूर्ववक्ता

माननीयज्यूले पनि भनिसक्नु भयो यो २० औं वर्ष ३० औं वर्षको लागि हामीले संसोधन नै गर्न नपर्ने गरेर लैजाने गरेर विधेयक बनाउनु पर्छ त्यसकारणले हामीले विभिन्न पक्षसँग विज्ञ र यसका रिलेटेड पक्षहरुसँग राखेर हामीले छलफलका साथ यो विधेयकलाई सर्वोत्कृष्ट बनाउनेछौं । यो विधेयक सर्वोत्कृट बन्नेछ भन्ने भनाइका साथ आफ्नो भनाइलाई अन्त गर्न चाहन्छु धन्यवाद जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री हरि बहादुर चुमानलाई छलफलमा भाग लिन अनुमति दिन्छु।

**माननीय हरि बहादुर चुमान**

माननीय सभामुख महोदय, अभिव्यक्ति स्वतन्त्रता तथा सञ्चारको हकलाई थप प्रभावकारी बनाउन प्रदेशमा सञ्चालन हुने आम सञ्चार माध्यमलाई स्वतन्त्र, मर्यादित र जिम्मेवार बनाउन यो विधेयक आएको छ र यो विधेयक हामीलाई प्राप्त अधिकार गण्डकी प्रदेश सरकारलाई अथवा प्रदेशलाई प्राप्त अधिकारलाई कार्यान्वयन गर्ने गरी आाएको छ । म सरसर्ती अब हाम्रा अधिकारहरुको सन्दर्भमा यहाँ राखौं भन्ने लाग्छ। पहिलो कुरो संघ सरकारको अधिकार सूची जसलाई हामी अनुसूची ५ भन्छौं त्यसको क्रमसंख्या ८ मा दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड रेडियो, टेलिभिजन र हुलाक भनेर लेखिएको छ। यसमा दुरसञ्चार हाम्रो परेन। हुलाक हाम्रो परेन।

यो रेडियो फ्रिक्वेन्सीको बाँडफाँड भनेको यो आकाश बाँड्ने कुरा हो, यो आकाश बाँड्ने कुरा पनि हाम्रो भागमा परेन । र रेडियो टेलिभिजनको कुरा हो । यसको फ्रिक्वेन्सीको बाँडफाडको उल्लेख गर्छ यसमा पनि स्थानीय तहलाई १०० वाड सम्म, १०० भन्दा माथि १ हजार वाड सम्म प्रदेशले त्यति अधिकार त्यो हामीलाई छ । यस सन्दर्भमा अब अनुसूची -५ को कुरा मैले त्यो भनें। त्यसमा खास अधिकार त संघ सरकार सँगै छ। अब अनुसुची -६ मा के लेखियो त भन्दा ६को क्रमसंख्या ३ मा रेडियो, एफएम, टेलिभिजन सञ्चालन भनी लेखियो यो प्रदेश सरकारको अधिकारको कुरा हो ।

अनुसुची -७ भनेको साझा अधिकारको सूची जसमा के लेखियो भन्दा सञ्चार माध्यम सम्बन्धी मात्रै लेखियो। मैले स्थानीय तहको अधिकार अघि नै भनें। एफएम सञ्चालन र एफ एम संचालन कतिसम्म भन्दा १०० वाट सम्मको । यिनै अधिकार यसरी अधिकार विन्यास भएको छ र मुख्यतः प्रदेश सरकारको अधिकारको कुरामा अब त्यसलाई कार्यान्वयन गर्नको निम्ति यसमा छापा सञ्चार, विद्युतीय तथा अनलाइन सञ्चार र रेडियो फ्रिक्वेन्सीको सिफारिस, प्रदेश सरकारले सिफारिस गर्ने, एफ.एम.को सन्दर्भमा १०० देखि १००० सम्मको प्रदेश सरकारले नै वितरण गर्न सक्ने त्यो भन्दा माथिको निम्ति प्रदेश सरकारले सिफारिस गर्न सक्ने र सँगसँगै अब मिडियामा अर्थात् मिडियाको अनुगमन, नियमन गर्न सक्ने अब यो व्यवस्था त कानून नबनाइकन सम्भव थिएन।

अनुसूचीमा अधिकारको व्यवस्था गरिदिएर मात्र के गर्ने प्रदेश सरकारले कानून बनाउन जरुरी छ। कानून बनाउनको निम्ति यो विधेयक यहाँ पेश भएको छ । र यो निकै लामो समय हामीले छलफल गऱ्यौं। यो संघमा नै वहस छ। यो संघकै सञ्चार विषयमा वहस चलिराखेको कारणले पर्खम पर्खम भन्दा भन्दै यो ढिला भएको हो । नत्र हामीले यो त २ वर्ष अगाडि नै ड्राफ्ट गरेका थियौं । पर्खिंदै पर्खिंदै ४ महिना अगाडि हामीले तयार गरेका थियौं र आज आएर यो टेबुल हुन आइपुगेको छ।अन्य विषयमा त म अब धेरै कुरा भन्न चाहिनँ । अरु सबै ठिकै ढङ्गले हामीले ड्राफ्ट भएको छ। एउटा वहस भएको कुरा कहाँ नेर छ भन्दाखेरि अघि नै यहाँ पूर्ववक्ता माननीयज्यूले पनि राख्नुभयो रजिष्टारको नियुक्ति सम्बन्धमा। रजिष्टारको नियुक्ति सम्बन्धमा के रह्यो त भन्दा विशिष्ट श्रेणीको, फस्टक्लास भनूँ न । फस्ट क्लास अफिसर सरहकोलाई नियुक्त गर्दा के हुन्छ त भन्दा हामी बहस गऱ्यौं। यस सन्दर्भमा प्रदेश ३ मा एउटा बन्यारछ।

प्रदेश ३ को अनुभव सुनेर अब त्यसो भए अब ९ औं तहको अधिकृतलाई गरौं। त्यो भएपछि मन्त्रालय मातहत हुन्छ भन्ने बन्यो। त्यो वहसमै थियो, त्यो वहसकै विचबाट यो विधेयक आएको हुनाले वहस त्यहाँ बन्यो, यसबाट हामी वहस गर्न सकिन्छ भन्ने लागेको छ। अर्को वहस अघि पनि आइसक्यो कि कारवाहीको

अधिकार सचिवलाई भन्नेछ अब त्यसमा त्यो त्यही रजिष्ट्रारलाई नै किन नदिने त्यो अधिकार, किन सचिवलाई दिनुपर्यो भन्ने वहस छँदैछ। त्यही बहसकै विचबाट यहाँ पेस भएको हो। अर्को कुरा यहाँ अघि पनि उठ्यो कि छनौटको कुरा । फेरि रजिष्ट्रारको छनौट समितिको सचिव अब मन्त्रालयको सचिव हुँदा त त्यति विग्रदैन।

त्यो त छनौट समितिको सचिव। सचिवको नेतृत्वमा छनौट समिति हो उसले ३ जनाको नाम सिफारिस गर्छ, ३ जना मध्ये १ जनाको छनौट गर्ने कुरा हो।त्यसमा त त्यति अप्ठ्यारो छैन तर कारवाहीको अधिकार सचिवलाई दिनु हुँदैन्थ्यो भन्ने कुरा त्यतिबेला पनि बहस भएको थियो।यही बहस छलफलको विषयमा हामी पनि छलफल गरौंला। यसलाई अझ व्यवस्थित र परिमार्जित गर्दै हामी ऐनको रुप दिऔंला। यसमा अलिकति कुराहरु आए। कपी नै भयो भन्ने लाग्दैन। अधिकांस त यस्तो हुन्छ। अब अधिकांस त आधारभूत कुराहरु त त्यही हुन्छन् कानूनमा।

कानूनको प्रकृया नै त्यही त छ। यी आधरभूत कुरा अधिकांस उही हुन्छन्। एका दुई कुरामा हेरफेर ल्याउने कुरा हो। एका दुई हेरफेर ल्याउने कुरामा एउटा कुरा यहाँ कुरा फ्रिक्वेन्सीको सिफारि संघ सरकारले फ्रिक्वेन्सी आफ्नो खुशीले बाँड्ने होइन, प्रदेश सरकारको सिफारिसमा मात्र बाँड्नु पर्छ भन्ने कुरा हामीले यो विधेयकमा ल्याएका छौं ।

यसमा केही वहसका कुरा भएपनि यो बेलैमा आउनु पर्ने समयमै आउनुपर्ने विधेयक थियो तर जेहोस् यो विधेयकले प्रदेश सरकारको आय श्रोत पनि निर्माण गर्छ र शित उघाएर घैला भर्नु पर्ने अवस्थामा हाम्रो प्रदेश सरकार छ र यस्ता साना मसिना श्रोतहरु पनि खोजेर यसलाई सदुपयोग गर्ने कुरा प्रदेश सरकारले बेलैमा गर्नुपर्छ त्यसो भयो भने मात्र प्रदेश सरकार आत्मनिर्भर बन्छ । **(माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो।)** कमसेकम चालू खर्च आफ्नै आय श्रोतबाट जुटाउन सक्ने सरकार बन्नुपर्छ। सरकार कम्तिमा पनि चालू खर्च धान्ने आय श्रोत भएको हुनुपर्छ भन्ने मान्यताका साथ हामीले यस विषयमा छलफल गरेका थियौं र यो छलफलबाट

विधेयक आएको हो यसकारण हाम्रो दलगत तर्फबाट यो विधेयकको समर्थन गर्छु भन्दै विदा हुन्छु धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दुकुमार थापालाई छलफलको क्रममा उठेका कुराहरुलाई जवाफ दिनु हुन अनुमति दिन्छु ।

**माननीय विन्दु कुमार थापा**

सभामुख महोदय, सर्वप्रथम म हालै गएको अविरल वर्षाबाट मनाङ, वाग्लुङ, लमजुङ, गोरखा, कास्की लगायत विभिन्न जिल्लाहरु यो दैवी प्रकापबाट ठूलो धनजनको क्षति भएको छ र कास्की कै पनि २० नं. वडामा ५ जना र ११ नं. वडामा १ जना व्यक्तिको मृत्यु भएको छ । यी सबै व्यक्तिहरु प्रति म हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु र घाइतेहरु जो उपचारत हुनुहुन्छ । उहाँहरुको म शिघ्र स्वास्थ्य लाभको पनि म कामना गर्न चाहन्छु ।

सभामुख महोदय, सर्वप्रथम यो सम्मानित सभामा पेश भएको यस गण्डकी प्रदेशमा आम सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी सैद्धान्तिक छलफलमा विद्वान माननीयज्यूहरुबाट धेरै सकारात्मक र धेरै महत्त्वपूर्ण किसिमका सुझावहरु हामीले प्राप्त गरेका छौं। म त्यसको लागि माननीयज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु र यो सकारात्मक सुझावका लागि धन्यवाद पनि दिन चाहन्छु । सर्वप्रथम त यो विधेयक विगतको सरकार यस भन्दा अगाडिको सरकारले ल्याएको विधेयक हो र यसलाई अहिलेको सरकारले अपनत्व ग्रहण गरेको छ।

यसलाई वनरसिप लिएको छ यो विधेयकलाई। यद्यपि यो आम सञ्चार विधेयक आम चासोको विषय पनि हो । यो विधेयकमा धेरै कुराहरु अहिले व्यापक रुपमा बाहिर आइरहेको अवस्था पनि छ । यसलाई व्यापक रुपमा परिमार्जन गर्नुपर्ने, सुधार गर्नुपर्ने कुराहरु पनि नआएका होइनन, यद्यपि यो सैद्धान्तिक छलफल यहाँ भैसकेपछि

यसलाई फेरि यो विधायन समितिमा जानेछ, विधायन समितिमा जाने क्रममा पनि यो ७२ घण्टाको समयभित्र माननीयज्यूहरुले छ, यहाँ माननीयज्यूहरुले जुन खालको सुझावहरु राख्नुभएको छ, ती सुझावहरुलाई उहाँहरुले एउटा संसोधन प्रस्तावको रुपबाट माननीयज्यूहरुबाट पक्का पनि आउनेछ र यो विधायन समितिमा व्यापक रुपमा यो आम सञ्चार विधेयकलाई छलफल गरेर दफावार छलफल गरेर यसलाई एउटा परिष्कृत रुपबाट एउटा उत्कृष्ट रुपबाट यो आम सञ्चार विधेयक बनाउने हिसावबाट हामी जानुपर्छ भन्ने कुरामा म प्रतिवद्धता पनि व्यक्त गर्न चाहन्छु ।

यो धेरै कुराहरु माननीयज्यूहरुबाट आइसकेको छ । विशेष गरेर यो गण्डकी प्रदेशमा सञ्चालन हुने आम सञ्चार माध्यमलाई स्वतन्त्र, मर्यादित र जिम्मेवार बनाइ विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चारको हकलाई थप प्रभावकारी बनाउन यो विधेयक महत्त्वपूर्ण छ जस्तो मलाई लागेको छ । यो विधेययक ऐन बनी कार्यान्वयनमा आएपछि पत्रकार, सञ्चारकर्मीलाई सञ्चार माध्यमको दर्ता, नवीकरण जस्ता व्यवस्थापन र अन्य विषयका लागि काठमाडौं जानुपर्ने बाध्यतालाई यसले हटाउनेछ। यसले छापा माध्यमको दर्ता तथा नवीकरण, प्रसारक संस्थाको इजाजत पत्र नवीकरण तथा प्रशारण शुल्कबाट प्रदेश सरकारको राजस्व वृद्धिमा समेत योगदान पुग्ने देखिन्छ ।
यस विधेयकमा आम सञ्चारसँग सम्बन्धित, नीतिगत विषयमा प्रदेश सरकारलाई सुझाव दिन तथा सञ्चार माध्यम र आम नागरिक बिच सुसम्बन्ध कायम गर्न सञ्चार समन्वय समितिको मन्त्रीकै संयोजकत्वमा सञ्चार समन्वय समितिको व्यवस्था गरेको छ । श्रमजिवी पत्रकारको हक हितलाई यो विधेयकले सम्बोधन गरेको छ । आम सञ्चार माध्यमको दर्ता इजाजत, तथा नवीकरण गर्नको लागि अनलाइन माध्यम प्रयोग गर्न सकिने व्यवस्थालाई यो विधेकमा समेटी प्रकृयागत सरलीकरणलाई जोड दिएको छ ।

सभामुख महोदय, पूर्ववक्ता हाम्रा विद्धान माननीयज्यूहरुले यो सञ्चार समन्वय समितिको विषयमा, प्रेस रजिष्ट्रारको विषयमा धेरै महत्त्वपूर्ण सुझावहरु पनि आएको छ । यसलाई यो विधायन समितिमा गइसकेपछि विधायन समितिका माननीयज्यूहरुले सरोकारवालाहरुको विज्ञहरुको आवश्यकता पऱ्यो भने विज्ञहरुको पनि राय, सुझाव लिएर त्यसपछि मात्रै विधायन समितिबाट अगाडि बढ्ने कुरा हुने नै छ भन्दै आशा

राख्दै, फेरि पनि माननीयज्यूहरुबाट जुन खालको सकारात्मक हिसावले जुन यो विधेयकलाई अझ बढी परिष्कृत र अझ बढी उत्कृष्ट हिसावबाट यो सातै प्रदेश मध्येमा उत्कृष्ट विधेयक बनाउने सन्दर्भमा माननीयज्यूहरुबाट जुन खालको सुझावहरु आएको छ, त्यो सुझावको पूर्ण समर्थन गर्दै र त्यो सुझावप्रति सम्मान व्यक्त गर्दै मेरो आफ्नो भनाइ यहीं टुंग्याउँछु धन्यवाद जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यही समाप्त हुन्छ । माननीय सदस्यहरु, अब म माननीय सदस्यहरु अब म माननीय कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दुकुमार थापालाई मिति २०७८ साल भाद्र २९ गते सभामा प्रस्तुत भइ सामान्य छलफल समेत भएको गण्डकी प्रदेशमा आम सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय विन्दु कुमार थापा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७८ साल भाद्र २९ गते प्रस्तुत भइ, मिति २०७८ साल भाद्र २९ गते सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफल भएको गण्डकी प्रदेशमा आम सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ (ख) बमोजिम दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनी प्रस्ताव पेश गर्दछु, धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेशमा आम सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको

विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

विधेयक संशोधन गर्न चाहनु हुने माननीय सदस्यहरुले गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको ११० बमोजिम ७२ घण्टा भित्र आफूले पेश गर्न चाहेको संसोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नु हुनेछ। उक्त विधेयक संशोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरु, अब म माननीय शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्री श्री मेखलाल श्रेष्ठलाई मिति २०७८ साल भाद्र २९ गते सभामा प्रस्तुत भएको गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमनि दिन्छु ।

**माननीय मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले सम्मानित सभामा २०७८ साद भाद्र २९ गते प्रस्तुत भएको गण्डकी प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु ।

मेखलाल श्रेष्ठ

शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्री

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन। तसर्थ गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछ।

माननीय सदस्यहरु, अब गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ । यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यवहोरा अनुरोध गर्दछु। छलफलमा भाग लिने माननीय सदस्यहरुको लागि ७ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन अनुमति दिन्छु यसपछि माननीय सदस्य श्री विष्णुप्रसाद लामिछाने।

**माननीय प्रभा कोइराला**

सभामुख महोदय, आज २ महिना पछि सदनमा बोल्ने मौका दिनुभयो हार्दिक धन्यवाद आभार व्यक्त गर्दछु । सदन भनेको जनताको आवाजलाई सुनुवाई गर्ने थलो भन्ने बुझेको छु मैले । जनताको आवाजलाई सुनुवाइ गर्ने थलोलाई यति धेरै वन्धक बनाउन उचित हुँदैन जस्तो लाग्छ मेरो विचारमा।

सभामुख महोदय, आज म गण्डकी प्रदेश सरकारले ल्याएको बालबालिकाको अधिकारको सम्भार, संरक्षण, संवर्द्धन र परिपूर्ति गर्दै बच्चाहरुको शारीरिक, मानसिक, संवेगात्मक, वौद्धिक, सामाजिक एवंम भावनात्मक विकासका साथै सर्वोत्तम हितका लागि कानूनी व्यवस्था गर्न आवश्यक भएकोले गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथिको छलफलमा जुटिरहेकी छु। सभामुख महोदय, सन्दर्भ, आज ५७ औं राष्ट्रिय बाल दिवस । सम्पूर्ण बालबालिकाहरु प्रति हार्दिक नमनसहित सतत् शुभकामना व्यक्त गर्दछु । आफूलाई पनि बालपनको याद ताजै छ । २०२१ भाद ४ गतेबाट तत्कालीन वडामहारानी रत्नराज्य लक्ष्मीदेवीले सुरु गरेको यो बालदिवस भदौको ४ गते पर्दथ्यो २०२१ सालबाट सुरु

भयो । रत्नराज्यलक्ष्मी भारतमा भ्रमण जाने बेलामा महात्मा गान्धीले आफ्नो जन्मदिन पारेर त्यहाँ बालदिवस मनाइरहेको देखेपछि उहाँलाई पनि मनाउन मन लागेर यसको सुरुवात गर्नुभएको रहेछ र त्यसपछि २०६३ सालदेखि मुलुकमा गणतान्त्रिक पथमा लम्कैदै गर्दा नेपालले भाद्र २९ गतेलाई बालबालिका दिवस मनाउने घोषणा गरे पश्चात आजकै दिन बाल दिवस मनाउने गरिएको रहेछ ।

सृष्टिका कोपिला यी फक्रिन दिने सहज वातावरण दिन सकिएन भने भाविष्यमा मानव पुष्पक अस्तित्वको निकासमा मिठासको प्रश्न चिन्ह उठ्न सक्छ । त्यसैले बालबालिकाहरुलाई ज्ञान, सीप, धारणाको सकारात्मक सोच र आशावादी विचारहरुको विजारोपण गर्न जरुरी छ जस्तो लाग्छ । छाला चाउरी परेका बुढाबुढी देखि भर्खरै जुँगाको रेखी पलाउदै गरेका किशोरसम्म, ठूला ठूला दार्शनिक देखि गणितज्ञसम्म सबैलाई बालापन प्रिय लाग्छ । आधारभूत मौलिक ज्ञानहरु पारिवारिक स्नेह उत्साहजनक खेलकूद र आधारभूत अक्षराम्भ शिक्षाले गर्दा बालपन प्रिय हुन्छ नै सभामुख महोदय । फ्रान्सका दार्शनिक जिनज्याक्स् विश्वले भनेका थिए, मानव जन्मिदा स्वतन्त्र जन्मिन्छ, तर विस्तारै ऊ दायित्वको डोरीले बाँधिदै जान्छ। यस अर्थमा संसारमा एउटा बालबालिका भन्दा स्वतन्त्र अरु कोही हुँदैन । निर्दोष र स्वतन्त्र मस्तिष्कमा माया, प्रेम र सद्भावका भावनाहरु छर्न जरुरी छ । मानिसलाई लगाउने लुगा होइन उसको विचारलाई चिन्न सिकाउनु छ । ठूलो घर भन्दा सुखी परिवारको महत्व बुझाउन जरुरी छ । सम्पत्ति बिच बिचको फरक फरक भन्दा पनि मानवतारुपी समानता र काम ठूलो या सानो हुँदैन भन्ने महत्व सिकाउन जरुरी छ।

खाली रमाइलो मात्र खाली खुट्टा भूईंमा हिंडेको महत्व बुझाउन जरुरी छ । डण्डीवियो र लुकामारीमा हुर्केका पुस्ताका तुलनामा आजभोलि कम्प्युटर, भिडियो, मोवाइल र कार्टूनका विषयमा फरक फरक र आत्मियता के भन्ने विषय सुझाउन सक्नुपर्छ । उनीहरुका प्रश्नको सहज र सरल उत्तर दिन जरुरी छ किनकि उनीहरु काँचो माटो हुन् । कस्तो बनाउने भन्ने जिम्मा हाम्रै हो त्यसैले यस बालबालिकाको अधिकार सम्बन्धी विधेयक ढिलै भए पनि आज ठ्याक्क १ वर्ष भयो भदौमा हक्को गत साल सदनमा राखिएको १ वर्षमा भए पनि ढिलै भए पनि यो आएको छ ।

यो विधेयक बालबालिकाको हितको लागि, बालबालिकाहरुको संरक्षणको लागि कोशेढुंगा सावित हुन्छ भन्ने मैले महसुस गरेको छु । बालबालिकाहरुलाई स्पाइडर, स्पाइकर म्यान हव भन्दा राम्रो मानिस र सरल मानिस बन्न प्रेरित गर्नुपर्छ, त्यो नै जिम्मेवारीको नैतिक जिम्मेवारी हाम्रै हो जस्तो लाग्छ ।

सभामुख महोदय, यति हुँदै गर्दा केही कुराहरु मैले विधेयक अध्ययन गरिसकेपछि हामीले धेरै पटक बोल्ने गर्यौं, भाषणहरु धेरै ठाउँमा गर्ने गऱ्यौं, बालबालिका र महिलाहरुका अधिकार सुनिश्चित गर्नु पर्छ भन्ने विषयमा धेरै ठाउँमा बोल्ने गर्यौं । कानूनमा उल्लेखित भए तर व्यवहारमा त्यो सहजता पाउन सकिएको छैन ।

त्यही सन्दर्भमा मैले अलिकति सुझावहरु राख्न चाहें, यो सुझावहरु समेट्नु पर्छ जस्तो मलाई लागिरहेको छ । सडक बालबालिका र बालगृहमा रहेका बालबालिकाको जन्म दर्ता र उमेर पुगेपछि नागरिकता प्राप्त गर्न सहज वातावरणको सृजना गर्नु पर्ने कुरा छुटेको छ । प्रत्येक स्थानीय तहमा बालअधिकारको सृजना गर्नु पर्छ । स्थानीय तहमा बाल अधिकार समिति स्थापना गर्नु पर्छ ।

उमेर नपुगी बलात्कारका घटनाबाट जन्मिएका बालबालिकाको जिम्मा सरकारले लिनु पर्छ । प्रदेश र जिल्लामा बाल संरक्षण गृह स्थापना र व्यवस्थापन गर्नु पर्छ। प्रदेश स्तरीय बाल हस्पिटल बनाउन जरुरी छ । बालबालिकाहरुका लागि आत्मरक्षक तलिम केन्द्र व्यवस्थापन गर्नु पर्छ, यदि त्यसो गर्न सकियो भने बालिकाहरुले आफ्नो जीवन अनाहकमा वर्वाद बनाउनु पर्दैन भन्ने मलाई लागेको छ। नियमावली तत्काल बनाएर कार्यान्वयमा जानुपर्छ धन्यवाद।

**माननीय सभामुख**

अब म माननीय विष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग लिन अनुमति दिन्छु, त्यसपछि माननीय सदस्य हरि बहादुर चुमान।

**माननीय विष्णु प्रसाद लामिछाने**

माननीय सभामुख महोदय, आज बालदिवस, म सबैभन्दा पहिला त बालदिवसको उपलक्ष्यमा सम्पूर्ण बालबालिकाहरुको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। संयोगले बालदिवसकै दिन यो गण्डकी प्रदेशको बालबालिका सम्बन्धी विधेयक माथि छलफल गर्ने क्रम जुटेको छ । मलाई लाग्छ, यो संयोग मात्रै होईन, अब यसले साँच्चै नै यो गण्डकी प्रदेशको बालबालिकाको हितमा काम गर्छ भन्ने मलाई लाग्दछ। नेपालको संविधान २०७२ को धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकमा सुनिश्चित गरेको  छ, अर्थात बालबालिकाले आफ्नो अधिकार प्राप्त गर्न पाउनु पर्छ ।

विशेष गरेर हामी बालबालिकालाई गर्ने लगानी कुनै दिन थियो सभामुख महोदय म आफू पनि यो क्षेत्रमा लामो समयसम्म काम गरेको, हामीले बाल अधिकारको कुरा गर्दै गर्दा यही समाज हो जुन समाजले हामीलाई यिनीहरु काम पाएनन् र बालबालिकाको अधिकारको कुरा गरेर हिंड्याछन् भनेर  भन्ने जमाना पनि कुनै दिन थियो सभामुख महोदय। काम गर्दै जाँदा अहिले हामी यहाँसम्म आइपुगेका छौं। मलाई लाग्छ हामीले जहिले देखि सुरुवात गर्यौ यो मुलुकमा बालअधिकार सम्बन्धी काम हामीले केही समय अत्यन्त द्रुत रुपमा काम गरेकै हो बालअधिकारका कुरालाई लिएर । वास्तवमा जुन अवस्थामा केन्द्रदेखि स्थानीय तहसम्मको एउटा संरचना थियो र ती सबै संरचना बालअधिकार प्रति जिम्मेवार बनेका थिए केन्द्रीय बालकल्याण समिति थियो, जिल्ला बालकल्याण समिति थियो र आवश्यकता अनुसार हामीले स्थानीय तहलाई पनि परिचालन गर्ने र सबै तहको बजेटबाट निश्चित बजेट, परसेन्ट बजेट बालबालिकाको लागि खर्च गर्नुपर्छ भन्ने थियो र झण्डै झण्डै मलाई लाग्छ, अहिले, त्यो हिजो काम गर्दै गर्दाको बालक्लवबाट आएका भाइबहिनीहरु यतिबेलासम्म आइपुग्दा यो मुलुकको दक्ष नागरिक बनेर निस्किसकेका छन् ।

त्यसैले पनि यो विधेयक आएको छ, यो विधेयकले गण्डकी प्रदेशका बालबालिकाहरु यो प्रदेशको आवश्यकता, मुलुकको आवश्यकता अनुसार उनीहरुले आफ्नो अधिकार गर्दै, उनीहरुले आफ्नो अधिकार मात्रै प्रयोग गर्दैनन् सभामुख महोदय, उनीहरुले एउटा

दक्ष जनशक्ति भएर निस्कन्छन्  एउटा अनुशासित व्यक्तित्व बनेर निस्किन्छन् । उनीहरुलाई आफ्नो कर्तव्य के हो ? आफ्नो जिम्मेवारी के हो ? भनेर बुझेर निस्किन्छन्। त्यसैले यो आउन आवश्यक थियो, आएको छ  हामीले हेर्दै गर्दा। मैले सरसर्ती पढें वास्तवमा यो विधेयकमा धेरै राम्रा कुराहरु आएका छन्। बालबालिकाको सर्वोत्तम हित सबैभन्दा महत्त्वपूर्ण कुरा हो । भेदभावरहित बालबालिका सबैभन्दा महत्त्वपूर्ण कुरा हो । अहिले पनि समाजमा विभिन्न बहानामा भेदभाव भइरहेको छ बालबालिकाहरु माथि, त्यो भेदभाव हुँदैन भन्ने कुरा महत्त्वपूर्ण कुरा हो । बच्चा अहिले पनि यतिबेला पनि बालबालिकाहरु सडकमा छन् सभामुख महोदय । अहिले पनि होटल मजदुरहरु त्यतिकै छन् सभामुख महोदय । तिनलाई व्यवस्थापन गर्न पनि यो ऐनले, यो विधेयकले काम गर्छ भन्ने मलाई लाग्दछ। यसमा जति बालअधिकारका कुराहरु छन्, त्यो समेटिएकै छन् । त्यो बाहेक पनि जुन मैले अघि नै निवेदन गरें । यो बिचमा अलिकति बालअधिकारका कुराहरु हराए सभामुख महोदय ।

समितिहरु कसले काम गर्ने भन्ने नै भएन, हिजोको जिल्ला बाल कल्याण समिति भंग भयो,  केन्द्रीय बाल कल्याण समिति भंग भयो। स्थानीय तहमा रहेका भंग भए पछि कसले काम गर्ने भन्ने नै भएन । त्यो स्पीड हामीले अहिले सम्म यो प्रदेशलाई बालमैत्री प्रदेश बनाउन सक्ने परिस्थिति हुन्थ्यो। मलाई लाग्छ यो विधेयकले अब अरु प्रदेश भन्दा चाँडै गण्डकी प्रदेशले बालमैत्री घोषणा गर्ने श्रृजना गर्छ भन्ने लाग्छ। बालबालिकालाई हामीले गर्ने लगानी भनेको सभामुख महोदय, हामीले बैंकमा सञ्चित गरेर राखेको रकम जस्तै हो। हामीले तिनलाई गर्ने लगानी एउटा दक्ष जनशक्ति बनाउनको लागि हो। हामीले तिनीहरलाई गर्ने लगानीले भोलिको परिणाम राम्रो दिन्छ।एउटा सभ्य व्यक्ति भएर निस्कन्छ।

एउटा दक्ष जनशक्तिको रुपमा निस्कन्छ।  एउटा वृक्षमा  एउटा आँपको राम्रो फल खान मन लाग्यो भने हामीले त्यो हाँगा र विंगाहरुमा पानी र मल हालेर हुँदैन सभामुख महोदय  हामीले जरामै हाल्नुपर्छ। त्यसैले हामीले यदि यो समाजलाई सभ्य समाज बनाउने हो हामीले यो समाजलाई राम्रो मुलुक बनाउने हो भने बालबालिकादेखि

नै संस्कार सिकाउनु पर्छ त्यसैले उनीहरुको अधिकारलाई सुनिश्चित बनाउनु पर्छ र उनीहरुको कर्तव्यलाई जानकारी गराउनु पर्छ ।

अधिकार र कर्तव्यलाई सँगसँगै लान सक्ने परिस्थिति बन्यो भने त्यो व्यक्ति असल नागरिक भएर निस्कन्छ त्यसैले अहिलेका यी जति विकृतिहरुका कुरा आएका छन् चाहे राजनीतिक होस्, चाहे अन्य क्षेत्रहरुमा त्यो कहीँ न कहीँ कमजोरी छ, त्यो नआओस् भन्नाको लागि पनि राम्रो संस्कार, संस्कारयुक्त समाज निर्माणको लागि पनि बालबालिकाहरुबाटै लगानी गर्नु पर्छ, उनीहरुलाई नै मलजल गर्नुपर्छ ।

उनीहरुलाई गरेको लगानी हामी अभिभावकहरुले, हामी वयस्कहरुले खेर गयो भनेजस्तो गर्छौं। त्यो बाटो बालबालिका पनि हिंड्ने हो, त्यो पुल बालबालिका पनि हिंड्ने हो, होइन।एक वर्ष नबन्दैमा केही हुँदैन, बाटो एक वर्ष नबन्दैमा केही हुँदैन।

सभामुख महोदय, बालबालिका भोलि होइनन, बालबालिका आज हुन्, उनको लागि आजैदेखि हामीले काम गर्नुपर्छ। बालबालिका भनेका आज हुन्। उनका लागि म सभामुख महोदय मार्फत गण्डकी प्रदेश सरकारलाई पनि अनुरोध गर्छु । हामीले बनाउन खोजेको सभ्य समाज, राम्रो समाज, राम्रो समाज बनाउनको लागि पहल गरौं।यो विधेयकले त्यसमा सहयोग पुग्छ भन्ने मलाई लाग्छ । आज बालदिवस, आजको यो वर्षको नारा सामान्य अवस्था वा कोभिड महामारी, अधिकारको संरक्षण हामी सबैको जिम्मेवारी, बालअधिकारको संरक्षण हामी सबैको जिम्मेबारी भन्ने रहेछ। यसैले बालअधिकारको संरक्षण गर्नको लागि उनीहरुलाई सुनिश्चतता गर्नका लागि तपाई हामीहरु सबैको कर्तव्य हो ।

यो विधेयकले त्यो परिस्थिति बनोस्, बालअधिकारले सुनिश्चित पाओस्, बालमैत्री प्रदेश बन्नका लागि यो विधेयकले सफलता पाओस् शुभकामना सहित विदा हुन्छु धन्यवाद जयनेपाल।

**माननीय सभामुख**

माननीय सदस्य श्री हरि बहादुर चुमानलाई छलफल  भाग लिन असमय दिन्छु  ।

**माननीय हरि बहादुर चुमान**

माननीय सभामुख महोदय, आज भदौ २९ बालदिवस पूर्ववक्ता माननीयज्यूहरुले सम्झाउनु भएको छ। उक्त दिनमा अर्थात आज भदौ २९ गते रोष्टममा उभिएर सम्पूर्ण बालबालिकाको हितको निम्ति काम गर्ने संघसंस्था सबैप्रति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु  ।

यो बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न  बनेको विधेयक माननीय मन्त्रीज्यूले पेश गरिरहँदा, उहाँले जुन बाक्य पढ्नु भयो, त्यो बाक्यलाई दोहोऱ्याउँ भन्ने लाग्छ, सन्दर्भ त्यहीँबाट शुरु होला। गण्डकी प्रदेशको क्षेत्राधिकारबाट लागू हुने गरी उहाँले यो भन्नु भयो कि भएन मैले थपें, यसको यहाँ यसको उद्देश्य लागू हुने गरी तर्जुमा गर्न उपयुक्त हुने भएकोले गण्डकी प्रदेशभित्र लागू हुने गरी बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गर्दै तिनीहरुको शारीरिक, मानसिक, संवेगात्मक, वौद्धिक,सामाजिक एवंम् भावनात्माक विकासका लागि  साथै सर्वोत्तम हितका लागि कानुनी व्यवस्था गर्न  आवश्यक भएकोले भनेर यो विधेयक पेश भएको छ र पूर्ववक्ता  माननीयज्यूहरुले पनि यसको सन्दर्भमा चर्चा गरिसक्नु भएको छ  । मैले यसलाई यो विधेयक तयार गरिरहँदा पनि धेरै छलफल गरियो  ।

अधिकांश कानून प्रदेशका अधिकारहरुलाई कार्यान्वयन गर्नको निम्ति हामीले बनाउने गर्छौं तर केही कानुनहरु, केही विधेयकहरु हामीले दाखिला गर्छौं त्यसलाई कर्तव्य पालना गर्नको निम्ति । यो विधेयक बालबालिकाको अधिकारको व्यवस्था गर्न बनेको विधेयक, यो प्रदेश सरकाले आफ्नो कर्तव्य पूरा गर्नको निम्ति, दायित्व पूरा गर्नको निम्ति ल्याएको विधेयक हो । यो विधेयक  फरक देख्नुपर्छ । अधिकांश मैले भनें अधिकांश  आफ्नो अधिकार कार्यान्वयन  गर्नको लागि  यो आफ्नो कर्तव्य पालना गर्नको लागि र यसमा मुख्य कर्तव्य के त भन्दाखेरि संविधानको मर्म र अन्तर्राष्ट्रिय प्रतिवद्धता पूरा गर्न,  संविधानको मर्म यहाँ के अघिनै चर्चा भइसक्यो  ।

धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ हाम्रो संविधानले । बालबालिकाको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु थुप्रै छँदैछन्। त्यसमा नेपाल सरकारले प्रतिवद्धता जाहेर गरेको छ, त्यो भनेको प्रदेश सरकारको प्रतिवद्धता हो त्यसलाई कार्यान्वयन गर्नको निम्ति । त्यसरी नै अब यो राज्यका नीतिहरुमा पनि यो संविधानको धारा ५१ को राज्यका नीतिहरु सम्बन्धीको व्यवस्था गरेको छ । त्यसमा बालबच्चाहरुको पालनपोषण, परिवारको हेरचाह जस्ता कामको योगदानलाई आर्थिक मूल्याङ्कन गर्ने भन्ने उल्लेख छ। अब एउटा वहस छ, यसलाई कति व्यवस्थित गर्न सक्छौं हाम्रो विधेयकमा हाम्रा दिदीबहिनीहरुले काम गर्नुभएको त्यसको मूल्याङ्कन भएको छ र ? भएको छैन । त्यो वहस छ नि, खोई आर्थिक मूल्याङ्कन, घरमा गरेको आर्थिक मूल्याङन खोई ? भन्ने वहस चलेकै छ ।

बालबालिकाले निर्वाह गर्ने, अब त्यसको पनि यिनीहरुको पालनपोषण यी आदिको हेरचाह पनि खास गरी यी काम त आमाले गर्नुहुन्छ। त्यसको आर्थिक मूल्याङ्कन अब हामीले गर्न जरुरी छ। यो कुरा उल्लेख छ तर कानूनमा राखेको छैन। नीतिमा उल्लेख छ। यसलाई पनि यसमा मैले यो विधेयक बनिरहँदा यो विधेयकमा यो अपुग छ भनी मैले राख्न चाहें है। यो विधेयकमा यो आर्थिक मूल्याङ्कन गरेने विषय अपुग छ तर हाम्रो नीतिले संविधानको धारा ५१ खण्ड ञ को उपखण्ड ४ ले यो कुरा भनेको छ। यो कुरा गर्न अलि अपुग भएको छ र अन्य हिसावले यो विधेयक सही ढङ्गले आएको छ। म अलि यो आन्तरिक मामिला तथा कानून मन्त्री भइरहँदा सबैभन्दा गण्डकी प्रदेशमा त्यसमा पनि पोखरामा १०० भन्दा बढी समस्या बोकेर हाम्रा बालगृहका मित्रहरु आउनु हुन्थ्यो। त्यो बालगृह माथि अनुगमन, नियमन अहिलेसम्म हुन सकेको छैन, उहाँहरुको गुनासो ।

उहाँहरु के पनि भन्नुहुन्थ्यो भने कुन चाहि भनेकोफ मतलब कुन बालगृहले सही उद्देश्यका साथ, एउटा उत्कृष्ट सोचका साथ, सहयोगीको भावनाले, बालगृह सञ्चालन गरेको छ । सकारात्मक नियतले भइराखेको छैन। यहाँ सम्म भनिरहँदा मैले यहाँ भन्दा बढी शब्दमा भन्न अप्ठ्यारो हुन्छ । यसकारण बालगृह छरपष्ट छन् तर यिनको नियमन हुन सकेको छैन। यसकारण यसको निम्ति पनि यो आवश्यक छँदै

थियो, यहाँ अघिनै चर्चा भइसक्यो । अब हाम्रो संरचनाहरु, प्रदेशको बालअधिकार समिति, जिल्लाको बालअधिकार समिति निर्माण गर्ने कुरा बाटो खोलेको छैन। यसले बाटो खोलेको छ। अहिलेसम्म जुन समस्याहरु भए बालबालिकाको अधिकारको संवर्धन गर्नको निम्ति, प्रवर्धन गर्नको निम्ति अब यो कुराले यसको समाधान गरेर जानेछ र पनि यसलाई अझ व्यवस्थित गर्नको निम्ति अब यो भर्खरै त पेश भएको छ, सैद्धान्तिक छलफल यहाँ गरेका छौं। यसलाई अझ परिमार्जित गर्दै हामी अगाडि बढ्नेछौं। एउटा वाक्य भनौंला भन्ने लागेको छ म के मानेमा खुशी छु ।

भन्दाखेरि प्रदेश सरकाले सायद यो पहिलो विधेयक हो आफ्नो कर्तव्य पालनको निम्ति पेश गरेको छ, त्यसको निम्ति प्रदेश सरकारलाई धन्यवाद दिएर यो विधेयकको समर्थन गर्दछु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री श्री मेखलाल श्रेष्ठलाई छलफलको क्रममा उठेका प्रश्नहरुलाई जवाफ दिनुहुन अनुमति दिन्छु ।

**माननीय मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, आज यो ५७ औं राष्ट्रिय बालदिवस । सर्वप्रथम यो बालदिवसको उपलक्ष्यमा आजका बालबालिकाहरु यो साउनको मसान्तसम्म यो संसारलाई ग्रसित बनाएको कोभिडबाट ५८ हजार ३७५ जना संक्रमित हुनुभएको थियो र उहाँहरु कति संक्रमणमुक्त हुनुभएको छ र अझै पनि हस्पिटलमा स्वाथ्यलाभ गरिरहनु भएको छ, र हस्पिटलमा रहनुभएको छ उहाँहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु ।

यही समयभित्र हाम्रो देशमा ८३ जना बालबालिकाहरुले यो कोभिडबाट ज्यान गुमाउनु भएको छ, उहाँहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै, उहाँहरुको परिवारप्रति समवेदना प्रकट गर्न चाहन्छु र धेरै माननीयज्यूहरुले आज ठ्याक्कै समयले पनि बाल

दिवसकै दिन, आज हामीले यो बालबालिका सम्बन्धी विधेयक प्रस्तुत गर्न पाएका छौं, त्यसमा मलाई आफूलाई गर्व लागेको छ किनभने हामी पनि आज जुन यो ठाउँमा उभिएका छौं एकदिन बालबालिकै भएर हामीले पनि यही समयलाई गुजारेर यो समयमा आइपुगेका छौं।

हामीलाई पक्कै पनि थाहा छ बालबालिका हुँदा हामीले के समस्याहरु भोग्यौं, र त्यो समस्याहरु अब हुर्कने बालबच्चाहरुले भोग्न नपरोस् भन्ने सबैको चाहना छ र माननीयज्यूहरुको जति पनि सुझावहरु आएका छन् अत्यन्त सह्रानीय छ यसलाई यो सरकारले मनन गर्नु पर्नेछ । छुटेका विषयवस्तुहरु, त्यसमा भएका कुराहरुलाई संसोधन गरेर त्यसलाई सरकारले ग्रहण गरेर पक्कै पनि विधायन समितिमा यो भन्दा धेरै व्यापक रुपमा छलफल गरेर माननीयज्यूहरुले राख्नुभएको सुझावहरु भएगरेका त्रुटिहलाई सच्चाइनेछ भन्ने कुरा म विश्वास दिलाउन चाहन्छु र यो विधेयकको मुख्य ध्येय भनेको के हो भने हाम्रा बालबलिकाहरु यो देशका कर्णधार हुन् ।

बालबालिकाहरुलाई हामीले सुरक्षित बनाउन सकेनौं, बालबालिकाहरुलाई हामीले ज्ञानी बनाउन सकेनौं, सभ्य बनाउन सकेनौं, शिक्षित र अनुशासित बनाउन सकेनौं भने हाम्रो समाज पक्कै पनि शिक्षित र विकसित हुनेछैन । त्यही कारणले गर्दा अघि पूर्व मन्त्रीज्यूले भनिसक्नुभयो यो यस्तो विधेयक हो जसले आफ्नै कर्तव्य पालन गर्नको लागि ल्याइएको कर्तव्य पालन गर्नको लागि ल्याइएको विधेयक त हो नै हामीहरुले अब गर्नु पर्ने कामहरु र यो प्रदेश सरकारले यो प्रदेशलाई कसरी सक्षम, कसरी सभ्य बनाउने हो र कसरी यो प्रदेशलाई अझै गुणस्तरीय प्रदेश बनाउनको लागि पहिलो खुड्किलो भनेको बालबच्चा हो र त्यो बालबच्चालाई स्याहारसुसार गर्नको लागि जसरी नेपालको संविधानको धारा ३९ मा उसको मौलिक हक समबन्धी व्याख्या गरिएको छ तर त्यो व्याख्याहरुको कति कार्यान्वयन भए र हाम्रो बालसुधार केन्द्रहरुका विषयहरु आएका छन्, संघसंस्थाका विषय आएका छन् त्यति मात्र नभएर हाम्रा गाउँघरमा बालबच्चाहरुलाई गरिने व्यवहारहरु के कस्ता खालका छन् भन्ने कुराहरु पनि अब हामीले सिलसिलेबारमा रुपमा कानून बनाएर कार्यान्वयन गर्नुपर्दछ।

त्यो कानूनलाई कार्यान्वयन गर्यौं भने मात्र हामीले चाहेको जस्तो यो प्रदेश हुनेछ, हामीले चाहे जस्तो समाज हुनेछ, यसको पहिलो खुड्किलो भनेको बालबालिका नै हो भन्ने सबैको मान्यता अनुसार यो विधेयक प्रदेश सरकारले प्रस्तुत गर्ने जमर्को गरेको छ ।

यसमा बालअधिकारको कुराहरु प्रष्टसँग लेखिएको छ । यसमा बालशोषण गर्नु हुँदैन, यसले कतिसम्म दण्ड सजायहरु पाउँछ, बालशोषण भनेको के हो ? भन्ने कुराहरुलाई पनि व्याख्या गरेको छ, बलश्रमको विषयमा व्याख्या गरेको छ । यसले विभिन्न ठाउँमा वलक्लवहरु स्थापना गर्नुपर्दछ । बालबालिकाहरुलाई एक आपसमा घुलमिल गराएर, आफूले पाएका ज्ञानहरु एक अर्कालाई सिकाएर, आफूले पाएको ज्ञान अरुलाई दिने, अरुले सिकेको ज्ञानहरु आर्जन गर्नको लागि वालक्वलहरु ठाउँ ठाउँमा खोल्ने प्रवृत्ति पनि यसले सिर्जना गर्न खोजेको छ । हामीले यसलाई कानून बनाएर, माननीयज्यूहरुले भनेजस्तै, हामी बालहस्पिटल बनाउन जरुरी छ ।

अहिले त यो संसारभरि बालबालिकाहरुलाई यो कोभिडबाट पीडित छन्, धेरै ठाउँमा धेरै विकसित देशहरुमा बालबलिकाहरुलाई कोभिडले प्रभावित गर्छ भनेर र बालबालिकाहरुलाई यो कोभिडको खोप पनि दिन नपाइएको अवस्थामा हामीले यसलाई कसरी सुरक्षित राख्न सकिन्छ ? र यसलाई अनुगमन सकिन्छ, र बालबालिकाहरुलाई अझै कसरी सुरक्षित गर्न सकिन्छ सुरक्षित बनाउनको लागि पनि यो विधेयकले एउटा ईँटा भए पनि खुड्किलो भएपनि सुरुवात गर्नेछ भन्ने म विश्वास दिलाउन चाहन्छु र अहिले जुन हाम्रो समाज विभिन्न कारणले गर्दा बालबच्चाहरुले आफ्नो अभिभावक चिन्न पाउनु भएको छैन । उहाँहरु सडकबालक, अभिभावकविहीन बालक भनेर उहाँहरुलाई परिचय दिइन्छ, त्यो बालबलिकाहरुलाई पनि आफ्नो उमेर पूरा गरिसकेपछि यो समाजमा आफ्नो परिचयका साथ अगाडि बढ्नको लागि, सजिलो बनाउनको लागि यो विधेयकले पक्कै पनि अगाडि सार्नेछ ।

यी धेरै कुराहरु यो विधेयकमा समेटिएको कारणले र केही कुराहरु कमी कमजोरी छन् भने हामीले पक्कै पनि यो विधेयकलाई विधायन समितिमा पठाउने छौं । विधायन

समितिमा व्यापक रुपमा छलफल गरेर आवश्यकता महसुस भएका विषयवस्तुहरुलाई समेटेर यो विधेयकलाई अझै सुसंस्कृत र परिमार्जन गरेर अवश्य नै ल्याउनेछ भन्ने कुरा माननीयज्यूहरुमा विश्वास दिलाउन चाहन्छु । तपाईहरुले जुन एउटा अत्यन्त राम्रो, अत्यन्त उपयोगी सुझावहरु, सल्लाहहरु दिनुभएको छ र यसको लागि म व्यक्तिगत र मेरो मन्त्रालयको तर्फबाट तपाईंहरुलाई आभार एवं धन्यवाद व्यक्त गर्दै यी विधेयकहरु जसरी तयार गर्नुपर्छ ती विषयहरुमा चाहे त्यो विधायन समितिमा होस् या अन्य ठाउँबाट तपाईंहरुलेप्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग दिनुहुनेछ, सुझावहरु अझै राख्नुहुनेछ भन्ने विश्वासका साथ आफ्ना भनाईहरु अन्त्य गर्न चाहन्छु धन्यवाद जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरु, अब म माननीय शिक्षा, संस्कृति, विज्ञान तथा प्रविधि, सामाजिक विकास मन्त्री, माननीय मन्त्री श्री मेखलाल श्रेष्ठलाई मिति २०७८ भाद्र २९ गते सभामा प्रस्तुत भए सामान्य छलफलको सहमतिमा बनेको विधेयक दफावार छलफलको लागि विधान समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, माननीय सभामुख महोदयज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७८ साल भाद्र २९ गते प्रस्तुत भइ, मिति २०७८ भाद्र २९ गते सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भइ सामान्य छलफल समेत भएको गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ (ख) बमोजिम दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु।

मेखलाल श्रेष्ठ

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला । यसको विपक्षमा हुनुहुने माननीय सदस्यले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस्। यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेशमा बालिबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधान दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषण गर्दछु ।

विधेयकमा संसोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले गण्डकी प्रदेश, प्रदेश सभा निमायवलीको नियम११० बमोजिम ७२ घण्टा भित्र आफूले पेश गर्न चाहेको संसोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नु हुनेछ। उक्त विधेयक संसोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरु, अब म माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई मिति २०७८ भाद्र २९ गते सभामा प्रस्तुत भएको प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय विन्दु कुमार थापा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७८ साल भाद्र २९ गते प्रस्तुत भएको प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ माथि विचार गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक प्रदेश सभाको नियमावली २०७४ को नियम १०७ को उपनियम १ माथि विचार गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुनुहुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको परिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक माथिको सामान्य छलफलको प्रारम्भ हुन्छ । यस छलफलमा विधेयकको सैद्धान्तिको पक्षमा मात्र छलफल हुने व्यवहोरा अनुरोध गर्दछु । छलफलमा भाग लिने माननीय सदस्यहरुको लागि ७ मिनेटको समय निर्धारण गरेको छु ।निर्धारित समय भित्र आफ्नो भनाइ राख्न अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन अनुमति दिन्छु । त्यसपछि माननीय सदस्य सरिता गुरुङ।

**माननीय कृष्ण बहादुर थापा**

माननीय सभामुखज्यू, आज हामी धेरै लामो समयपछि यो सम्मानित सभामा सबै प्रदेश सभाका सदस्यहरुसँग भेट हुने मौका मिलेको छ । यसका लागि सर्वप्रथम माननीय सभामुखज्यूलाई म धेरै धेरै धन्वाद व्यक्त गर्न चाहन्छु । अहिले यो बिचमा धेरै वर्षा भएको छ, जसको कारणले कास्की लगायत धेरै भागमा धनजनको क्षति भएको छ, नागरिकहरुले अकालमा मृत्युवरण गर्नु परेको छ । सर्वप्रथम म कास्की जिल्ला लगायत देशको विभिन्न भूभागमा यो बाढीपहिरोको कारणले मृत्यु भएका सबै

नागरिकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै जो घाइते हुनुभएको छ, अपाङ्ग हुनु भएको छ, विस्थापित हुनुभएको छ, घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै, विस्थापित परिवारहरुलाई छिटो भन्दा छिटो  हाम्रो यो गतिशील गण्डकी प्रदेशको सरकारले छिटो भन्दा छिटो राहत वितरणको व्यवस्था गरोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु अब त्यतिमात्र होइन, माननीय सभामुखज्यू, हाम्रो गण्डकी प्रदेशकै एक मात्र महानगर जसको नव निर्वाचित मेयर विगत २ महिना देखि अस्वस्थ हुनुहुन्छ र म यो सम्मानित सभामा उहाँको मेयर मानबहादुर जिसीको शिघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु। हुन त यो विधेयकको बारेमा छलफल गर्ने कि नगर्ने भन्ने पनि छ  ।

यो विधेयक जुन प्रस्तुत छ प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको परिश्रमिक सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक मेरो विचारमा के लाग्छ भने यो सभाका पदाधिकारी तथा सदस्यहरु भन्नुपर्ने ठाउँमा बरु पूर्व पदाधिकारी भनेर यसरी ल्याएको भए  यो धेरै राम्रो हुन्थ्यो कि जस्तो मलाई लाग्छ यो विधेयक सरसर्ती हेर्दा । अर्को विषय यो कोभिड १९ले यति धेरै महामारी छ यसले जनताको जीवन अस्तव्यस्त छ, यस्तो बेलामा आएको छ यो गण्डकी प्रदेशको गठवन्धन सरकारले  यस्तो वेलामा यो विधेयक ल्याउनु उचित छ कि छैन ?

मलाई भन्नुहुन्छ भने  एकदमै अनुचित । यो विधेयक यस्तो बेलामा आएको छ जो लगातार लगातार कोभिड-१९ को प्रभावले जनताको जनजीवन  एकदमै अस्तव्यस्त बनेको छ र यो  विधेयक  जनताको घाँटीमा त्यो हड्डी राखेको जस्तो तरिकाले आएको छ तसर्थ यो एकदमै बेठीक छ जुन आउनु पर्ने यो समय नै होइन जस्तो मलाई लाग्छ। अहिले यो बजारमा जनताहरुले के भनिराखेका छन्  भने यो जुन सरकार आए पनि यस्तै यस्तै अनि अझै जनताको जन जिब्रोको शब्दमा के भनिएको छ भने यो भागशानित,  जयनेपाल, लालसलाम त होइन भनिराख्छन्। मलाई लाग्छ त्यस्तो नहोस्।  वास्तवमा हाम्रो संविधानको धर्म हामीले पाएको एउटा उपलव्धिको रक्षा गर्नको लागि केन्द्रित होस् त्यो जनताले भनेको जस्तो नहोस् भन्नका लागि पनि म शुभेच्छा र शुभकामना व्यक्त गर्न चाहन्छ । यो सरसर्ती हेर्दा के देखिन्छ भने

विधेयकको २०७४ को संसोधनको ५ नं बुँदामा यहाँ एकदमै राम्रोसँग वडो वुद्धिमतापूर्वक के लेखुभएको छ भने खण्ड ग र ख झिकिएको छ भनिएको छ । अब खण्ड ग र ख झिकेपछि हुन्छ के ? हुन्छ के भने संविधानले व्यवस्था गरेको थ्रेसहोल्ड यो हाम्रो प्रदेशमा लागू हुँदैन, त्यसोभएको हुनाले मलाई लाग्छ यो अनुचित छ र अब ठिक छ दलीय गठवन्धनमा दललाई चित्त बुझाउनको लागि अरु धेरै उपायहरु हुन्छन् त्यो नै गर्दा ठिक हुन्थ्यो कि ? यो विधेयकै ल्याएर यो सबै दलहरुलाई एकखालको सुविधा दिनै पर्ने त्यस्तो अवस्था अहिले त्यसो नगर्दा राम्रो हुन्थ्यो कि ।

अर्को साथसाथै यो विधेयक सरसर्ती हेर्दा के देखिन्छ भने यो ऐनमा नभएको विषयलाई नियमावली अनुसार बनाउने भनिएको छ। जुन नियमावली ऐन अनुसार बन्नु पर्नेमा यहाँ नियमावली अनुसार ऐन बनाउन लागिएको छ तसर्थ यो सुल्टो दिशा तर्फ होइन कि उल्टो दिशा तर्फ उन्मुख भएको देखिन्छ। ऐनमा नै नभएको उपनेता भन्ने पद श्रृजना गर्न खोजिएको छ। यसले के देखाउँछ भने यस्तो सिर्जना गर्न थालिएको छ र यसले के देखाउँछ भने गण्डकी प्रदेश सरकालाई एकदम थप व्ययभार यो हामीले पास गर्ने वित्तिकै थप व्ययभार पर्न जान्छ । मेरो विनम्र अनुरोध अरुलाई भन्दा पनि म आदरणीय मुख्य मन्त्रीज्यूलाई विनम्र के अनुरोध गर्न चाहन्छु भने, कृपया तपाईं आफैले पनि एउटा मुख्यमन्त्रीको विषय भित्र हुन्छ नि, त्यो प्रयोग गरेर यो अहिलेका अवस्थामा सुविधा दिने कामलाई बन्द गरौं, बरु सकिन्छ भने हामी सबै अस्ति संकल्प प्रस्ताव पनि हामीले पास गर्यौं।

हामी सबै प्रदेश सभाका सदस्यहरुले यो कोभिड नसकिउन्जेलसम्म हामीले पाइरहेका सुविधाहरुलाई कटौती गरौं, अहिलेको अवश्यकता त्यो छ । त्यो तर्फ उन्मुख हुन अथवा त्यसतर्फ लाग्न म विशेषतः मुख्य मन्त्रीज्यूलाई हार्दिक अनुरोध र अपिल गर्न चाहन्छु । त्यसको साथसाथै सरकारले यो भन्दा अगाडि विकास बजेट ल बजेटै छैन, पैसा छैन भनेर कटौती गर्ने, विकासमा बजेट कटौती गर्ने तर आफ्नो सुविधामा बजेट थप्ने, भोलि यो सभाहलबाट हामी बाहिर जाँदा गण्डकी प्रदेशका जनताका अगाडि हामीले कसरी मुख देखाउन सक्छौं ? तसर्थ, मेरो विचारमा यो विधेयक अहिलेको

आवश्यकता अनुसार छैन, जनताको भावनाको विपरित छ । हामीले नै बनाएका नियमावली र हाम्रो संविधानको मर्म अनुसार पनि यो विधेयक छैन । तसर्थ अब जनहितमा छैन भने जनताको अहितमा हुने कुनै पनि कामहरु गर्ने हामीलाई अधिकार छैन ।

तसर्थ यस विधेयकको सम्बन्धमा म र मेरो पार्टीको समर्थन नरहेको जानकारी गराउँदै अझै पनि समय छ सकिन्छ भने फिर्ता गरौं, अहिले पास गर्ने कुरा गर्नुभएको छ। जनताको अहित हुने कुरातिर हामी नलागौं, खारेज गरौं भन्ने लाग्छ मलाई यति विचार यहाँहरु समक्ष राख्दै यसमा हामीहरुको समर्थन नरहेको जानकारी गराउन चाहन्छु हस् धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन अनुमति दिन्छु त्यसपछि माननीय सदस्य गायत्री गुरुङ।

**माननीय सरिता गुरुङ**

माननीय सभामुखज्यू, प्रदेश सभा पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयकको सैद्धान्तिक छलफल गर्न यस गरिमामय सभामा प्रस्तुत भइरहेको छु। अब यसमा पदाधिकारीहरु भन्नाले दलका नेता, प्रमुख सचेतक पर्नु हुन्छ। यसमा यो सरसर्ती हेर्दाखेरी माननीयज्यूले भनिसक्नुभयो, यो पक्कै पनि यो सेवा सुविधाहरु थप्दाखेरि आर्थिक व्ययभार पर्छ आर्थिक मार भन्नु यो सरसर्ती हेर्दा हो तर यसलाई हामीले अझै गहिरिएर हेर्न पर्ने आवश्यकता मैले ठानेको छु किनभने गतवर्षदेखि यो विश्व महामारी कोभिडको महामारीसँगै गत वर्ष र यस वर्ष यो देशमा धेरै अविरल वर्षाहरु भयो ।

वर्षाको कारणले गर्दाखेरि बाढीपहिरो अहिले महामारीसँग लड्दा लड्दै फेरि जनाले अविरल वर्षाको मारमा परिराख्नुपरेको छ। कतिले ज्यान गुमाएका छन् भने, धेरैले धनजनको क्षति भएको छ। खेत सबै बगाएको छ। यसैले गर्दा हामी आफू बचेर

अरुलाई बचाउनु पर्छ भन्ने एउटा मानवीय सिद्धान्त हो । त्यैसैले हामीले यो विश्व महामारीसँगसँगै यो अविरल वर्षाको भेलको मारमा परिरहेको जनता आकाशलाई छानो र धर्तीलाई घर भनेर बसिरहेको जनताहरुको जीवन बचाउनको लागि, रक्षा गर्नको लागि सँगसँगै गण्डकी प्रदेशलाई एउटा समृद्ध प्रदेश सुखी नेपाली बनाउनको लागि नेतृत्व तहलाई आवश्यकताको पहिचान गरी एउटा संभावना भएको कुरा गर्नुपर्छ भन्ने मलाई लाग्छ किनभने अब एउटा नेतृत्वले म त्यहाँ गएर जनतालाई बचाउँछु, राहत दिन्छु र म यो प्रदेश समृद्धि बनाउँछु र यो प्रदेशको विकासको लागि म अग्रणि भूमिका खेल्छु भन्नको लागि साधन र श्रोतको पनि उपलब्ध हुन आवश्यकता रहन्छ।

त्यसैले यो विधेयकमा के भनिएको छ भने, एउटा सवारी साधनको कुरा छ, इन्धनको कुरा छ, सँगसँगै चालकको कुरा छ, यी कुराहरु हुनै सकेन भने अहिले एक्काइसौं शताब्दीमा हामीले एउटा नेतृत्व गरेर नेतालाई पठाउने, एउटा संसदमा प्रतिनिधित्व गराउने, एउटा जनताको मत लिएर आउने नेतृत्वले के गर्न सक्छ त ? त्यसैले मलाई लाग्छ माननीय सभामुखज्यू, यो एउटा आवश्यकता भित्र पर्दछ, यो आवश्यकता पूर्ति गर्नको लागि हामीले यो २०७४ को विधेयकलाई संसोधन गरेर छिटो भन्दा छिटो कार्यान्वयन गरेर यो प्रदेशलाई समृद्ध बनाउने, सुखी नेपाली बनाउने, र कोभिड महामारीको चपेटामा परिराखेको जनताहरुको रक्षा गर्ने, अस्तव्यस्त जनतालाई उपचार गराउने र जीवन रक्षा गराउने सँगसँगै अहिले अविरल वर्षाले गर्दाखेरि घरविहीन भएर, परिवारविहीन भएर बसेका जनतालाई मलमपट्टि लगाउनको लागि र यो ल आज राम्रो गराउनको लागि त्यो साधन श्रोत उपलव्ध भएपछि बल्ल उहाँहरुको प्रभावकारी अनुगमन हुन्छ, यो प्रदेशको चौतर्फी विकास हुन्छ, र यो संसदलाई मर्यादित र एउटा सभ्य गरेर सञ्चालन गर्नको लागि उहाँको चौतर्फी विकास र उहाँको आवश्यकताको पहिचान गर्नको लागि र यो विधेयक सँगसँगै यो आवश्यकता पहिचान सँगसँगै उहाँको समस्या समाधान भएर मात्रै बल्ल जनताको घरदैलोमा पुग्न सकिन्छ भन्ने मलाई लाग्छ त्यसैले यो २०७४ को विधेयकलाई संसोधन गरी छिटो भन्दा छिटो लागू गरेर जनताको घरदैलोमा पुग्ने र एउटा प्रभावकारी अनुगमन गर्ने यो प्रदेशलाई एउटा समृद्ध बनाउनको लागि यो आवश्यकता रहेको कुरा म आफू स्वयं स्वयं

समर्थन गर्दै म र मेरो दल २०७४ विधेयकलाई यो पदाधिकारीहरुको पारिश्रमिक र सेवा सुविधा सम्बन्धीको विधेयकलाई संसोधन गर्नुपर्छ भनी म लगायत दलको पनि समर्थन रहेको व्यहोरा माननीय सभामुख मार्फत् अनुरोध गर्दे विदा हुन्छु धन्यवाद जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री गायत्री गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय गायत्री गुरुङ**

माननीय सभामुखज्यू, आज हामी यो प्रदेश सभाको पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्नको लागि बनेको विधेयकको बारेमा छलफल गर्न लागिराखेका छौं। मलाई आज खुशी लागेको छ। गण्डकी प्रदेश सभा थियो, सदन सुचारु थियो, यसकारणले हामी यहाँ उभिएर आफ्ना भनाइहरु विधेयकमा छलफल गर्न पाइरहेका छौं त्यसकारणले प्रदेश सरकारलाई हृदयदेखि धन्यवाद दिँदै खुसी व्यक्त गर्न चाहन्छु ।

आज यो विधेयक संशोधन विधेयक छ यो, हामीले यसमा छलफल गरिरहँदा अब प्रदेश सभाको सदस्य त्यसको पदाधिकारी अनि त्यसको पारिश्रमिक सेवा सुविधा भन्दै गर्दाखेरि यसरी झट्ट हेर्दा खेरि सबैको चासो, नजर पर्ने यो विधेयक हो जस्तो पनि लाग्छ त्यसकारणले गर्दाखेरि बाहिर यो विधेयकलाई संसोधनको रुपमा अगाडि ल्याइरहँदाखेरि चर्चा पनि चल्छ जनताको करबाट । यो सेवा सुविधा आ—आफै मिलेर नियम बनाएको छ, खाएको छ भन्ने पनि होला, तर यो विधेयकको मर्म हामीले त्यो रुपमा बुझ्नुपर्छ भन्ने मलाई लाग्दैन ।

यसको आफ्नै महत्व छ, हुन त यहाँ माननीयज्यूहरुले यो सुविधा हुनुहुँदैन, यसलाई अगाडि बढाउनु हुँदैन, यो कोभिडको महामारी छ, बाढीपहिरो गइरहेको छ, वर्षा भइराखेको छ भनेर आफ्नो तर्क राखि राख्नु भयो। म यो विधेयकको सन्दर्भमा के भन्न चाहन्छु भने यो विधेयक लागू गर्नुपर्छ, राम्रो छ तर सेवा, सुविधा नलिने

माननीयहरुको हकमा पनि यसलाई ऐच्छिक बनाउँदा ठीक हुन्छ कि भन्ने मेरो सुझाव छ र मैले यो विधेयकको बारेमा छलफल गरिरहँदा मलाई के लाग्छ भन्दाखेरि हामीले लगभग लगभग ४ वर्ष यो सदन गुजार्यौं हैन ? यसरी हामीले हाम्रो सदनमा ४ वर्ष गुजारी रहँदा पार्टीहरु टुटफुट, विभाजन, एकता, यो पनि भयो यसकारणले गर्दा पनि यो विधेयकलाई संसोधन गर्न आवश्यक रहेको भन्ने मलाई लागेको छ ।

सुरुमा हामी ५ वटा दल भयौं फेरि नेकपा बन्यौं, फेरि एमाले र माओवादी हामी कता गयौं, नेकपा भन्ने आयो । त्यसपछि अहिले फेरि विभाजित भयो, यो हिसावले हेर्दा पनि यो संसोधन गर्न आवश्यक हो जस्तो मलाई महसुस भएको छ । अर्को कुरा हामीले साना दलको कुरा पनि यहाँ छ, खास गरी जसपा र जनमोर्चाको पनि कुरा छ। अब डवल थ्रेसहोल्डको कुरा आज मात्र होइन विगतमा पनि यो छलफल चलिरहेको हो। मलाई लाग्छ, लिखित सहमति भयो या भएन तर पनि आन्तरिक रुपमा हामी सबै दल यो थ्रेस होल्ड हटाएर यो समस्याबाट हामीले मुक्त गराउनु पर्छ। र सबै दलहरको बिच सहमतिका साथ अगाडि जानु पर्छ भन्ने कुरा मलाई लाग्छ यो सबै दलहरुको सहमति भएको हो कि जस्तो मैले अनुभूति गरेको थिएँ पहिलो सरकारको पालाको कुरादेखि अहिले सम्म हेर्दाखेरि त्यसकारणले गर्दा पनि हामी उहाँहरु त सानो दल जो समानुपातिक प्रतिनिधित्व गर्नुभयो।

१.५ को थ्रेसहोल्ड कटाएर सेवा सुविधाको सन्दर्भमा मात्रै १० प्रतिशत थ्रेसहोल्ड लगाइयो यसकारणले यसमा हामी सबै सहमति भइसकेपछि यसलाई फेरि अब हामी लालसलाम, जय नेपाल त्यस्तो भन्नु आवश्यक हुँदैन जस्तो मलाई लागेको छ। खास गरी अहिले हामीले यो विधेयकमाथि छलफल गरिरहँदाखेरि अलिकति नमिलेको कुरा मैले यहाँ देखिरहेको छु । पदाधिकारी भनेर हामीले दल नेता, उप नेता, प्रमुख सचेतक, सचेतक भनेर हामीले दलको तर्फबाट त त्यो बनायौं तर हामीले यसरी पदाधिकारीको परिभाषा गरिरहने सन्दर्भमा फेरि के हो भन्दाखेरि अहिले सरसर्ती हेर्दा यो सवारी साधनको कुरामा फेरि दलको नेतालाई त्यो उपलव्ध हुने जस्तो, प्रमुख सचेतकलाई त्यो हुने जस्तो तर फेरि उपनेतालाई त्यो अलि नहुने जस्तो त्यो खालको जो मैले यो देखिराखेको छु।

यो सन्दर्भमा पनि छलफलको विषय बन्नपर्छ कि भन्ने मलाई लागेको छ। अर्को तर्फ पदाधिकारीको सन्दर्भमा अब यो जस्तो प्रमुख सचेतक भनेर  चाहि मैले हामी यहाँ सैद्धान्तिक छलफलमै छौं छन त यो सत्तापक्षको प्रमुख सचेतक भन्नाले प्रदेश सभामा वहुमत प्राप्त संसदीय दलको नेताले वा त्यसरी वहुमत प्राप्त गर्ने कुनै दल नभएमा मुख्यमन्त्रीले प्रदेश सभामा सत्ता पक्षको प्रमुख सचेतक  भइ काम गर्न तोकेको प्रदेश सभाको सदस्य समेत हुनु पर्छ भनेर मैले यहाँ देखें। होइन पदाधिकारी त जुन दलले हो त्यही छान्ने भएकोले यहाँ अलिकति भाषाको समस्या भयो कि, यो भाषालाई हामीले चेन्ज गर्नुपर्छ कि भन्ने म अनुरोध गर्न चाहन्छु र सुझावको रुपमा यो राख्दै खासगरी, खर्च त हुन्छ पदाधिकारीलाई सवारी साधन दिदा खर्च त हुन्छ, तर हामीले खर्च गर्दा हाम्रा उपलव्धिहरु कति हुन्छ ? त्यसलाई पनि हामीले मापन गर्नु पर्छ जस्तो मलाई लाग्छ ।

यसरी हेर्दा एउटा पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा गर्ने सन्दर्भमा यो सवारी साधनले उसलाई अझ थप आत्मबल बढाउने यसले धेरै गुणा काम गर्न र  सक्ने र यो प्रदेश सभालाई संमृद्ध बनाउने दिशामा भयो भने मलाई लाग्छ यो खर्च भन्दा उपलव्धि धेरै हुँदाखेरि अब यो उपलब्धिलाई नै हामीले नियम बनाउनुपर्छ जस्तो लाग्छ।

यिनै कुराहरु राख्दै यो विधेयकको जो यो प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको यो परिश्रमिक र सुविधा सम्बन्धी  २०७४ लाई संशोधन गर्न बनेको यो  विधेयक आएको छ, पक्कै पनि  यसले यो विधेयक लागू भइसकेपछि हाम्रो यो प्रदेश सभा हाम्रो यो संमृद्ध बन्नेछ, एउटा राम्रो बन्नेछ, त्यो प्रदेश सभाको क्षमता अभिवृद्धि हुनेछ, उसले धेरै कामहरु गर्न सक्नेछ गर्नेछ। त्यो दिशातर्फ जानेछ भन्दै भन्दै हाम्रो दल नेपाल कम्युनिष्ट पार्टी माओवादी  र मेरो तर्फबाट यसलाई समर्थन गर्दै बिदा हुन चाहन्छु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय कानुन सञ्चार तथा प्रदेश मामिला मन्त्री श्री विन्दु कुमार थापालाई छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय विन्दु कुमार थापा**

सभामुख महोदय, सम्मानित सभामा पेश भएको यस प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक सम्बन्धी सैद्धान्तिक छलफलमा प्रदेश सभाका माननीयज्यूहरुबाट धेरै महत्त्वपूर्ण र मननयोग्य सुझावहरु प्राप्त भएको छ । म यो सुझावहरुलाई ग्रहण गरेर, आवश्यक सुझावहरुलाई परिमार्जन गर्न सकिने अवस्थामा परिमार्जन, भाषागत त्रुटिका कुराहरु छन् भने पनि त्यसलाई पनि विधायन समितिमा गइसकेपछि यसलाई आवश्यक वृहत रुपमा छलफल गरेर त्यसलाई परिमार्जन गर्न सकिने बाटो अझै पनि मार्ग प्रशस्त भएको हुँदा, माननीयज्यूहरुको सुझावलाई यहाँ छलफल भएपछि आवश्यक परिमार्जन र सुधार गरेर अगाडि बढ्नको लागि पनि म प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

सभामुख महोदय, नेपालको संविधानको धारा १९६ मा प्रदेश सभाको सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधा प्रदेश कानून बमोजिम हुन्छ भन्ने व्यवस्था रहेकोले समय सापेक्ष प्रदेश सभाका पदाधिकारी तथा सदस्यको सेवा सुविधामा पुनरावलोकन गर्न आवश्यक भएको हुँदाखेरि यो संसोधन विधेयक हामीले प्रस्तुत गरेका हौं । सम्मानित प्रदेश सभाबाट पारित भएको गण्डकी प्रदेश सभा नियमावली २०७४ र प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ मा पदाधिकारीको परिभाषामा एकरुपता ल्याउन यो संसोधन विधेयक ल्याउन खोजिएको छ ।

प्रदेश सभामा पदाधिकारी मध्ये सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्तापक्षको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक र समितिका सभापतिलाई यस अगाडि नै सवारी साधनको सुविधा दिइएको छ भने दलका सचेतकलाई पनि प्रति महिना १० हजार रुपैयाँ यातायात खर्च वापत दिइएको छ । यस संसोधन विधेयकमा सवारी साधन सुविधामा दलको नेता र दलको प्रमुख सचेतकलाई समेट्न खोजिएको हो, जुन एउटा दलीय प्रणाली भएको व्यवस्थामा दलको प्रमुख पदाधिकारीहरु, दलको नेता र प्रमुख सचेतकलाई आफ्नो संसदीय दलको गतिविधि सञ्चालन र विकास निर्माणका कामको गतिविधि कामको संचालन र विकास निर्माण गर्न प्रभावकारी अनुगमनका लागि नितान्त आवश्यक हुन्छ । अर्को तर्फ प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुलाई के कस्तो सुविधा दिने भन्ने कुरा सरकारको पदाधिकारीप्रतिको दृष्टिकोण र सामर्थ्य समेतमा भर पर्दछ । यस संसोधन विधेयकबाट हुने आर्थिक व्ययभार त्यसबाट लाभान्वित हुने पदाधिकारीको कार्य सम्पादनको तुलनामा निकै गौण छ । यस विधेयकले प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै दलको भूमिका महत्त्वपूर्ण र अपरिहार्य रहेको व्यहोरा स्वीकारेको छ ।

जुन मूल ऐनमा १० प्रतिशत ल्याउने दललाई मात्र सेवा सुविधामा महत्व दिएको थियो । अर्थात यस संसोधित विधेयकले सबै दललाई समान महत्त्वको सिद्धान्तलाई आत्मसाथ गरेको छ । विधेयकले पदाधिकारीको कार्यक्षमता, कार्य सम्पादन समेतको अभिवृद्धि र प्रभावकारी अनुगमनका साथ योजना निर्माणमा सफल र सक्षम योगदानको भरोसा लिएको छ ।

सभामुख महोदय, अतः म अन्तमा के भन्न चाहन्छु भने, यो जति पनि माननीय सदस्यज्यूहरुबाट सुझावहरु यहाँ प्राप्त भएको छ, त्यसलाई सबै सुझावहरु मननयोग्य छन् महत्त्वपूर्ण छन् भन्ने मलाई लाग्छ, यसलाई हामी ग्रहण गरेर सरकारले ग्रहण गर्नेछ र यो विधायन समितिमा गएपछि त्यसलाई व्यापक रुपमा छलफल गरेर आवश्यकता अनुसार यसलाई संसोधन र परिमार्जन गरेर उत्कृष्ट प्रदेश सभाको एउटा विधेयकको रुपमा यसलाई ल्याइनेछ । कतिपय अहिलेको समय सापेक्ष हामीलाई गाडीको सवारी साधनको सुविधा पनि अपरिहार्य आवश्यकता अन्तर्गत पर्ने हुन्छ, यो

कोभिडको समयमा, यो बाढीपहिरोको विकराल समयमा दलका नेताहरु एकदम छिटो भन्दा छिटो घटनास्थलमा पुग्नु पर्ने र त्यहाँ राहत, उद्धारहरु जस्ता कार्यक्रमहरु गर्नुपर्ने हिसावले पनि र एउटा सदनमा यो जति पनि दलहरु हुनुहुन्छ उहाँ दलहरुलाई पनि प्रतिनिधित्वको समानताको हिसावबाट सबै दलहरुलाई हेर्नु पर्छ भन्ने पनि सरकारको धारणा हो, यिनै कुरालाई राखेर यो संसोधनको विधेयकलाई हामीले अगाडि सारेका छौं । यो विधेयकमा केही प्रकृयागत त्रुटि या भाषागत त्रुटि भएको खण्डमा फेरि पनि विधायन समितिमा व्यापक छलफल गरेर संसोधन गरेर अगाडि बढाउनेछौं। यिनै कुराहरु राख्दै आफ्नो भनाइ यही टुंग्याउछु धन्यवाद जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यही समाप्त हुन्छ । अब म माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई मिति २०७८ साल भाद्र २९ गते सभामा प्रस्तुत भई सामान्य छलफल भएको प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सेवा सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक दफावार छलफलका लागि विधायन सभामा पठाइयोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय बिन्दु कुमार थापा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७८ साल भाद्र २९ गते प्रस्तुत भइ, मिति २०७८ साल भाद्र २९ गते सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफल समेत भएको प्रदेश सभाका पधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्वन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ (ख) बमोजिम दफावार छलफलका लागि विधायनमा समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद जयनेपाल।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुनुहुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन सभामा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु। विधेयकमा संसोधन पेश गर्न चाहनु हुने माननीय सदस्यीहरुले गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम ७२ घण्टा भित्र आफूले पेश गर्न चाहेको संसोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नु हुनेछ । उक्त विधेयक संसोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल हुने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु, अब यो वैठक मिति २०७८ साल आविश्न ४ गते बिहान ११ बजे सम्मको लागि स्थगित हुन्छ ।